स्थानीय राजपत्र

देवदह नगरपालिका, रूपन्देहीद्वारा प्रकाशित

खण्ड ५) देवदह नगरपालिका, मितिः २०८०/०३/०३ (संख्या १

भाग–२

देवदह नगरपालिका, रूपन्देही

देवदह नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन,२०७४ को दफा ४ बमोजिम देवदह नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०८० सालको कार्यविधि नं. १

कार्यविधिको नामः देवदह नगरपालिकाको नगर प्रमुखसँग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८०

नगर कार्यपालिकाबाट स्वीकृत मितिः २०८०/०२/३२

<u>प्रस्तावनाः</u> देशमा उत्पादनशील युवाहरु वैदेशिक श्रम बजार तर्फ पलायन भइरहेको सन्दर्भमा देवदह नगर क्षेत्रका युवाहरुमा भएको ज्ञान, सीपक्षमताको सदुपयोग गर्दै उद्यमशिलता, सिर्जनशिलता तथा सीपको विकास गरी उत्पादन एवं रोजगारी अभिवृद्धि गर्नका साथै विदेशबाट फर्केका युवाहरुले आर्जन गरेका सीप तथा व्यवसायिक दक्षता उपयोग गर्दै उनीहरुलाई आत्मनिर्भर एवं स्वरोजगार बनाउन, उद्यमशील क्षमताको विकास गर्न, दलित तथा अल्पसंख्यक समुदायहरुको परम्परागत सीप र पेशालाई समयसापेक्ष आधुनिकीकरण तथा प्रबर्द्धन गर्दै उत्पादनको माध्यमबाट समृद्ध देवदह निर्माणका लागि नगर प्रमुखसँग उद्यमी रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी देवदह नगरकार्यपालिकाको १४५ औं बैठकले देवदह नगरपालिकाको नगर प्रमुखसँग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८० पारित गरी लागू गरेको छ ।

परिच्छेद १
प्रारम्भिक

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ :**

(क) यस कार्यविधिको नाम "देवदह नगरपालिकाको नगर प्रमुखसँग उद्यमी रोजगार कार्यक्रम संचालन कार्यविधि, २०८०" हुनेछ ।

(ख) यो कार्यविधि स्थानीय राजपत्रमा प्रकाशन भएको मिति देखि लागु हुनेछ।

२. **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "लक्षित कार्यक्रम" भन्नाले लक्षित व्यक्तिको रोजगारी सिर्जना गरी आयआर्जन अभिवृद्धि गर्न सघाउ पुर्याउने व्यवसायिक कृषि, पशुपालन, घरेलु तथा साना उद्योग व्यवसाय संचालनको लागि गरिने कार्यक्रम सम्झनु पर्छ ।

(ख) "ऋणी" भन्नाले १८ देखि ५० बर्ष उमेर समूह भित्रका सम्मका देवदह नगरपालिकामा स्थायी बसोबास गर्ने नेपाली नागरिकलाई सम्झनु पर्छ ।

(ग) "दलित समुदाय" भन्नाले नेपाल सरकारबाट सूचीकृत दलित जातजाती सम्झनु पर्दछ ।

(घ) "उद्यम" भन्नाले यस कार्यविधिको अनुसूची १ मा उल्लेख गरिएका व्यवसायमा श्रम तथा पूँजी लगानी गरी गरिएको कार्य सम्झनु पर्छ ।

(ङ) "वैंक, वित्तीय संस्था एवं सहकारी संस्था" भन्नाले देवदह नगरपालिका, रुपन्देही समेत कार्यक्षेत्र भएको कार्यक्रम संचालनको लागि ऋण लगानी तथा असुली लगायतको कार्यहरु गर्न देवदह नगरपालिकाले छनौट गरी सम्झौता गरेको नेपाल राष्ट्र वैंकद्वारा ईजाजत प्राप्त वैंक, वित्तीय संस्था एवं प्रचलित कानून बमोजिम स्थापीत सहकारी संस्थालाई सम्झनु पर्छ ।

(च) "पशुपंक्षी" भन्नाले– गाई, भैसी, बाख्रा, कुखुरा, हाँस, लौकार, टर्की, अष्ट्रिज, बंगुर, बट्टाई लगायतका पशुपंक्षी सम्झनु पर्छ ।

(छ) "नगरपालिका" भन्नाले देवदह नगरपालिका, रुपन्देहीलाई सम्झनु पर्छ।

३. उद्देश्यः यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ,–

(क) लक्षित उद्यमीलाई उद्यम संचालनको लागि आवश्यक पर्ने सहुलियत ऋण प्रदान गर्ने ।

(ख) स्वदेशमा रोजगारीका अवसरहरु सिर्जना गर्न सहयोग पुर्याउने ।

(ग) कृषिजन्य, पशुजन्य तथा स्थानीय स्रोत साधनमा आधारित घरेलु तथा कुटीर उद्योग उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

(घ) आय आर्जनमा टेवा पुर्याई परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुर्याउने।

परिच्छेद २
कोष तथा लगानी सम्बन्धी व्यवस्था

४. **नगर प्रमुखसँग उद्यमी रोजागर कार्यक्रम संचालन कोष सम्बन्धी व्यवस्थाः** यस कार्यक्रमको लागि देहायका श्रोतबाट कोषको व्यवस्था हुनेछ ।

(१) संघीय सरकार, प्रदेश सरकारबाट कोषका लागि प्राप्त अनुदान ।

(२) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दातृ निकायवाट प्राप्त हुने रकम ।

(३) विभिन्न वैंकबाट प्राप्त अनुदान तथा ऋण रकम ।

(४) सम्बन्धीत वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाबाट संझौता बमोजिम प्राप्त रकम।

(५) नगर सभाबाट नगर प्रमुखसँग उद्यमी रोजगार कार्यक्रममा विनियोजित रकम ।

(६) अन्य श्रोतबाट प्राप्त रकम ।

५. **लगानी सम्बन्धी व्यवस्था**

(१) नगरपालिकाले नगर प्रमुखसंग उद्यमी रोजगार कार्यक्रमको नाममा नगरसभा तथा नगर कार्यपालिकाले तोके बमोजिमको रकम वा अन्य अनुदान वा स्रोतबाट सम्बन्धित कार्यक्रमका लागि प्राप्त रकम वैंक, वित्तीय संस्था एवं सहकारी संस्थामा जम्मा गर्नेछ।

(२) सम्बन्धीत वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले नगरपालिकाले जम्मा गरे बमोजिमको रकमको सत प्रतिशत (बराबर) रकम यस कार्यक्रमको सम्बन्धित कोष/खातामा जम्मा गर्नुपर्नेछ। सो को सुनिश्चितता देखिने प्रमाण वा प्रतिबद्धता सम्बन्धीत वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले आवेदनसाथ पेश गर्नुपर्नेछ।

(३) सम्बन्धीत वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले ऋण लगानीका लागि उद्यमी छनौट गरिसकेपछि मात्र नगरपालिकाले कोषमा रकम निकासा पठाउने छ ।

(४) नगरपालिकाले निकासा पठाएको बढीमा १५ दिन भित्र सम्बन्धीत वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले छनोट भएका उद्यमीहरुलाई ऋण लगानी गरि सो को रिपोर्ट सहित ३ दिन भित्र नगरपालिकालाई जानकारी दिनुपर्नेछ।

(५) वैंक, वित्तीय संस्था एवं सहकारी संस्थामार्फत उद्यमीलाई प्रदान गरिने ऋणको हकमा ऋणको ब्याजदर ४ प्रतिशत भन्दा बढी लिन पाईने छैन।

(६) नगरपालिकाले जम्मा गरेको बराबर रकम (साँवा) सम्बन्धीत वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले तीन वर्ष भित्र नगरपालिकालाई फिर्ता गर्नु पर्नेछ ।

(७) देवदह नगरपालिकाभित्रका स्थायी बासिन्दालाई मात्र लगानी गर्नु पर्नेछ ।

(८) अनुसूची–१ बमोजिमका लगानीका क्षेत्रहरुमा मात्र ऋण लगानी गर्नु पर्नेछ ।

परिच्छेद–३
वैंक, वित्तीय संस्था एवं सहकारी संस्था सिफारिस एवं छनौट सम्बन्धी व्यवस्था

६. वैंक, वित्तीय संस्था एवं सहकारी संस्था सिफारिस गर्न देहाय बमोजमको समिति गठन हुनेछ।

(१)	नगर प्रमुख,	संयोजक
(२)	नगर उपप्रमुख,	सह संयोजक
(३)	प्रमुख प्रशासकीय अधिकृत	सदस्य
(४)	संयोजक, आर्थिक विकास समिति,	सदस्य
(५)	संयोजक, लेखा समिति	सदस्य
(६)	आर्थिक प्रशासन शाखा प्रमुख,	सदस्य
(७)	प्रशासन शाखा प्रमुख,	सदस्य
(८)	आन्तरिक लेखा परीक्षण शाखा प्रमुख	सदस्य
(९)	आर्थिक विकास शाखा प्रमुख,	सदस्य सचिव

(१) वैंक, वित्तीय संस्था एवं सहकारी संस्था छनोट गर्न १५ दिने सूचना आव्हान गरिनेछ ।

(२) वैंक, वित्तीय संस्था एवं सहकारी संस्था सिफारिस गर्ने आधार तथा मापदण्ड समिति आफैले निर्धारण गर्नेछ ।

(३) बुँदा नं. २ मा जुनसुकै कुरा लेखिएता पनि बैङ्क तथा वित्तीय संस्थालाई पहिलो प्राथमिकता दिइनेछ ।

(४) समितिले छनौट गरि सिफारिस गरेको बैङ्क, वित्तीय संस्था एवं सहकारी संस्थालाई कार्यपालिकाबाट स्वीकृत गराउनु पर्नेछ ।

परिच्छेद–४
प्रस्ताव छनौट तथा कार्यान्वयन प्रक्रिया

७. **अनुसूची–१ बमोजिमका लगानीका क्षेत्रहरुमा ऋण प्रवाहका लागि सम्बन्धीत वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले देहायको प्रक्रिया अवलम्वन गर्नेछ ।**

(क) नगरपालिका सँग सम्झौता भएको ७ दिन भित्र उद्यमीलाई प्रस्ताव पेश गर्न वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले १५ दिनको सूचना आह्वान गर्नेछ।

(ख) सहकारी संस्थाको हकमा प्रचलित सहकारी कानून बमोजिम शेयर सदस्यता लिएको तीन महिना पुगेका र यस कार्यविधि बमोजिमको योग्यता पुगेका आफ्ना शेयर सदस्यहरुलाई मात्र ऋण लगानी गर्न पाउनेछ।

(ग) प्रस्ताव पेश गर्न इच्छुक उद्यमीले सम्बन्धीत वडा कार्यालयको सिफारिस साथै दफा ९ मा उल्लेखित आवश्यक कागजात संलग्न राखी प्रस्ताव वैंक, वित्तीय संस्था एवं सहकारी संस्थामा पेश गर्नुपर्नेछ।

(घ) ऋणीहरुलाई ऋण प्रवाह गर्दा प्रचलित कानून बमोजिम राखुपर्ने धितो सम्बन्धी व्यवस्थालाई सम्बन्धीत वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले अनिवार्य रुपमा कार्यान्वयन गर्नुपर्नेछ।

(ङ) कर्जा जोखिमको बिमा र ऋण असुली सम्बन्धी सम्पूर्ण जिम्मेवारी सम्बन्धीत वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाको हुनेछ।

(च) देहायका विषयलाइ प्राथमिकता दिइ छनौट गर्नुपर्नेछ।

अ) स्थानीय स्रोत र साधनको उच्चतम प्रयोग हुने	१५ अंक
आ) बजारको सरल पहुँच र सुनिश्चितता भएको	१० अंक
इ) थप रोजगारीको सिर्जना हुने	१० अंक
ई) लक्षित वर्गलाई प्रत्यक्ष लाभ पुग्ने	५ अंक
उ) जोखिम कम रहने उद्यम	५ अंक
ऊ) पूर्व अनुभव तथा विशेष सिप भएको	५ अंक
ए) कुल अंक	५० अंक

(छ) सम्बन्धित वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले उद्यमीलाई प्रस्ताव पेश गर्ने समय सकिएको ७ दिनभित्र यस कार्यविधिमा तोकिएको मापदण्ड बामोजिम उद्यमीहरु छनोट गर्नुपर्नेछ र यसरि छनोट भएका उद्यमीहरुको विवरण कागजात सहित छनोटको मिति सकिएको ३ दिन भित्र नगरपालिकामा पेश गर्नेछ।

परिच्छेद ५
ऋण लगानी सीमा

८. यस कोषवाट ऋण लगानी गर्दा देहाय वमोजिमको सीमा निर्धारण गरिने छ,–

(क) कर्जा लगानी अधिकतम रु. ५ लाख हुनेछ।

(ख) यस कार्यविधि बमोजिम लगानी गरिएको ऋणको असुली अवधी एक वर्ष देखि बढीमा ३ वर्षको रहने छ ।

(ग) एक पटक ऋण लिइ सकेका उद्यमी एवं व्यवसायीले सो ऋणको पूर्ण असुली नहुँदा सम्म अर्को प्रस्ताव पेश गर्न पाउने छैनन्।

(घ) स्वीकृत प्रस्तावमा उल्लेख भए बमोजिमको भन्दा भिन्न प्रकृतिको उद्यममा ऋण लगानी गर्न पाइने छैन।

(ङ) ऋणको ब्याज दर, ऋण लगानीका क्षेत्रहरु, ब्याज फिर्ता, धितो र बीमा लगायतका विषयको प्रष्टताको लागि नगरपालिका र सम्व्बंधित वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाबीच कार्यक्रम संचालन पूर्व नै सम्झौता हुनु पर्नेछ ।

परिच्छेद ६
कर्जाका लागि योग्यता तथा शर्त सम्बन्धी व्यवस्था

९. **कर्जाका लागि योग्यता तथा शर्तः** सम्बन्धीत वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले अन्य कुराका अतिरिक्त देहायको योग्यता तथा शर्तहरु अनिवार्य रुपमा पालना गर्नु गराउनु पर्नेछ ।

(१) सम्बन्धित निकायबाट प्रचलित कानून बमोजिम उद्योग तथा व्यवसाय वा फर्मदर्ता प्रमाण पत्र प्राप्त गरेको,

(२) यस कार्यविधिको अनुसूची ४ बमोजिमका क्षेत्रमा ऋण प्राप्त गर्न स्थायी लेखा नम्बर प्रमाण पत्र लिएको,

(३) देवदह नगर कार्यपालिकाको कार्यालय वा सम्बन्धित वडा कार्यालयमा सुचिकृत भई नियमित रुपमा व्यवसाय कर बुझाएको,

(४) देवदह नगरपालिकाभित्र स्थायी बसोबास खुल्ने कागजात।

(५) सम्बन्धीत वडा कार्यालयको सिफारिस।

(६) बैंक, वित्तीय संस्था एवं सहकारी संस्थाहरुको कालो सूचीमा नपरेको स्वःघोषणा।

१०. यस कार्यविधि बमोजिम प्रदान हुने ऋण सम्बन्धित उद्यमीले कुनै एक प्रकारको उद्यम संचालनका लागि मात्र उपलब्ध हुनेछ ।

११. यस कार्यविधि बमोजिम ऋण लिने निवेदकले नेपाल सरकार वा प्रदेश सरकारको सहुलियत ऋण अनुदान प्रदान गर्ने प्रकृतिका सोही परियोजनामा अन्य कुनै पनि ऋण लिएको हुनु हुँदैन ।

परिच्छेद ७
कोषको लेखा परीक्षण

१२. कोषको लेखापरीक्षण देहाय बमोजिम हुनेछ,–

(क) कोषको लेखा परीक्षण नगर कार्यपालिकाको कार्यालयका अन्य कोष वा कार्यक्रम सरह हुनेछ । लेखा परीक्षणको लागि कोष सम्बन्धी कागजात सम्बन्धीत वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाले उपलब्ध गराउनु पर्नेछ ।

(ख) कोषमा दातृ निकायबाट प्राप्त रकमको सम्बन्धमा लेखा परीक्षणको प्रतिवेदन सम्बन्धित दातृ निकायमा र समग्र प्रतिवेदन नगर सभामा पेश गर्नु पर्नेछ। साथै लेखा परीक्षण गराउने जिम्मेवारी सम्बन्धीत बैंक र नगरपालिकाको हुनेछ।

परिच्छेद ८
अनुगमन तथा सुपरिवेक्षण

१३. अनुगमन तथा सुपरिवेक्षण,–

(क) व्यवसाय संचालन तोकिएको उद्येश्य बमोजिम भएको छ/छैन सोको समग्र पक्षमा अनुगमन तथा सुपरिवेक्षण सम्बन्धी कार्य गर्न देहाय बमोजिमको अनुगमन तथा सुपरिवेक्षण समिति रहनेछ।

(१) नगर उपप्रमुख, — संयोजक
(२) प्रमुख प्रशासकीय अधिकृत, — सदस्य
(३) संयोजक, आर्थिक विकास समिति, — सदस्य
(४) सम्बन्धित वडाको वडा अध्यक्ष, — सदस्य
(५) कार्यपालिकाले तोकेको कार्यपालिका महिला सदस्य, — सदस्य
(६) योजना शाखा प्रमुख — सदस्य
(७) आर्थिक प्रशासन शाखा प्रमुख — सदस्य
(८) सम्बन्धित वैंक, वित्तीय संस्था एवं सहकारी संस्थाको प्रमुख, — सदस्य
(९) आर्थिक विकास शाखा प्रमुख, — सदस्य सचिव

परिच्छेद ९
विविध

१४. सहयोग गर्नुपर्ने : यस कार्यविधि बमोजिम संचालित कार्यक्रममा आवश्यक सहयोग गर्नु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

१५. कार्यविधिको संशोधन गर्न सकिने : नगरकार्यपालिकाले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ।

१६. अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

अनुसूची-१

ऋण लगानीका क्षेत्रहरु

(क) व्यवसायिक कृषि तथा पशुपन्छी ऋण लगानीका क्षेत्रहरुः

१. तरकारी उत्पादन, प्रशोधन, भण्डारण तथा विक्री वितरण,
२. विउ विजन उत्पादन, प्रशोधन, भण्डारण तथा बिक्री वितरण,
३. बनजन्य व्यवसाय, पुष्प व्यवसाय तथा बागवानी,
४. पशुपन्छीपालन,अष्ट्रिच, टर्की, हांस पालन र सोको मासु भण्डारण, प्रसोधन तथा बिक्री विवरण,
५. फलफुल उत्पादन, प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
६. मत्स्यपालन, भण्डारण तथा विक्री वितरण,
७. च्याउ उत्पादन, प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
८. पशबधस्थल/बधशाला, मासुजन्य उत्पादन, सो को प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
९. दुग्ध उत्पादन, प्रसोधन तथा बिक्री वितरण,
१०. जडिबुटी तथा गैरकाष्ठ बनपैदावर उत्पादन, प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
११. उखु, अदुवा, बेसार, जैतुन, सूर्यमुखी, लोक्ता, अल्लो, खेती तथा यिनीहरुको उत्पादन, प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
१२. पुष्प व्यवसाय,
१३. मौरी पालन व्यवसाय,
१४. जौ, फापर, सिलाम उत्पादन, प्रसोधन, भण्डारण तथा बिक्री वितरण,
१५. प्राङगारीक तथा जैविक मल उत्पादन तथा बिक्री वितरण,
१६. कपास, उन, रेसम खेती/उत्पादन, प्रसोधन तथा बिक्री वितरण,
१७. नेपाल सरकार, प्रदेश सरकार र देवदह नगरपालिकाले समय समयमा थप गरेका अन्य व्यवसायिक कृषि तथा पशुपन्छीजन्य व्यवसायहरु,

(ख) घरेलु तथा साना कुटिर उद्योगको लागि ऋण लगानीका क्षेत्रहरु

१. हाते तथा खुट्टे तान,

२. अर्धस्वचालित तान,
३. सिलाई, बुनाइ, उनी पोशाक सम्बन्धी कार्य,नगरक्षेत्रभत्रि पोषाक निर्माण कार्य,
४. सिकर्मी कार्य,
५. काठबाट कलात्मक वस्तु निर्माण गर्ने कार्य,
६. बेत, बाँस र निगालोका सामान तयार गर्ने कार्य,
७. हाते कागज उत्पादन,
८. सुन, चाँदी, तामा, पित्तल, फलाम जस्ता धातुहरुको कार्य,
९. गहना तथा मुर्ति बनाउने कार्य,
१०. सेरामिक्स वा कुमालेको पेशागत कार्य,
११. छाला सम्बन्धी पेशागत कार्य,
१२. चित्रकला, कागज तथा स्थानीय स्रोत साधनमा आधारित कार्य, र
१३. प्रचलित औद्योगिक व्यवसाय ऐनले परम्परागत घरेलु उद्योग भनी परिभाषित गरेका सम्पूर्ण उद्योगहरु।

प्रमाणीकरण मिति : २०८०/०३/०१

आज्ञाले
प्रदिप पौडेल
प्रमुख प्रशासकीय अधिकृत